- आज विहान नेपाली सेनाले हेलीमार्फत् त्रिशुलीबाट पावरहाउससम्म एस्काभेटर पुर्याइदिने भनिएकोमा सो हुन सकेन ।
- नेपाली सेनाका १३ जना र मित्रराष्ट्र भारतबाट उद्धार सहयोगका लागि आएका भारतीय सेनाका ७ जना समेत २१ जना उद्धारकर्मीहरू चिलिमेको सुरूङमा पसेर लेदोहिलो फालेका थिए । तर वेलुका मौसममा भएको खरावीका कारण तहाँबाट फिर्ता ल्याउन सकिएन ।
- कर्मचारीका आफन्तहरू उर्जा तथा तथा जलश्रोत मन्त्रालयमा गएर माननीय मन्त्रीज्यूलाई भेटी सुरूङमा फसेका आफन्तलाई जसरी भएपनि बाहिर निकाल्ने व्यवस्था हुन अनुरोध गर्नुभयो । मन्त्रीज्यूले पनि यसरी फसेका कर्मचारीहरूलाई उद्धार गर्ने कर्यमा कुनै पनि कसर बाँकी नराखी गरिने ब्यहोरा जानकारी गराउनु भयो ।
- उपकरण, मेशीन तथा अन्य प्रविधिमा मात्र विश्वास नगरी कम्तिमा पनि २०० जना मानिस खटाइ म्यानुलरूपमा सुरूङ सफा गर्ने ब्यवस्था मिलाई दिन आफन्तहरूबाट माननीय मन्त्रीज्यू मार्फत् सरकारसँग अनुरोध गर्नुभयो ।
- सुरूङमा जाने उद्धारकर्मीलाई हेली मार्फत आवत जावत गराउने काम नेपाली सेनाले गर्दैआएको छ ।
- कम्पनीका प्रमुख कार्यकारी लगायतको टोलीले त्रिशुलीमा बसेर समन्वय गरिरहनु भएको छ ।
- सुरुङभित्र बाक्लो दलदले हिलो, बालुवा र ढुङ्गाका कारण भित्र जान र थुनिएकाहरूलाई बाहिर निकाल्न अत्यन्त कठिन भइरहेको छ ।





मितिः २०८३/०५/१७